कमल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा

# शीलवन्दी दरभाउपत्र आव्हानको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७८/०४/१३**

यस गाउँपालिकाको निर्णय एवं आर्थिक ऐन २०७७ दफा १२ अनुसार आ.व. ०७८।७९ को १ वर्षका लागी गाउँपालिकाले उठाउन पाउने सेवा शुल्क निर्धारण गरे बमोजिम देहायका ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा संस्थाले देहायको शर्तहरुको अधिनमा रही बढाबढमा शिलबन्दी दरभाउपत्र पेश गर्न ७ (सात) दिने यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

## ठेक्काको विवरण

| सि. नं | ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम अंक (भ्याट बाहेक) | शीलवन्दी दरभाउपत्र दस्तुर | शीलवन्दी दरभाउपत्र खरिद गर्ने म्याद | शीलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | शीलवन्दी दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | ०१-०७८-७९ | विज्ञापन | २७०,०००।- दुई लाख सत्तरी हजार मात्र | १,०००।- | २०७८।४।१९ कार्यालय समय भित्र | २०७८।०४।२० १२ बजे भित्र | २०७८।०४।२० २ बजे भित्र |
| २ | ०२-०७८-७९ | केर्खा क्याम्पा समयगड सडक स्थानीय पूर्वाधार सेवा शुल्क | ४९५०००।- चार लाख पन्चानव्वे हजार मात्र | १,०००।- | २०७८।४।१९ कार्यालय समय भित्र | २०७८।०४।२० १२ बजे भित्र | २०७८।०४।२० २ बजे भित्र |
| ३ | ०३-०७८-७९ | अमलडाँगी समयगड सोलमारी सडक स्थानीय पूर्वाधार सेवा शुल्क | ३१५००।-एकतिस हजार पाँच सय मात्र | १,०००।- | २०७८।४।१९ कार्यालय समय भित्र | २०७८।०४।२० १२ बजे भित्र | २०७८।०४।२० २ बजे भित्र |
| ४ | ०५-०७८-७९ | पाडाजुंगी झर्का वालुवथान सडक स्थानीय पुर्वाधार सेवा शुल्क | ४५०००।- पैतालिस हजार | १,०००।- | २०७८।४।१९ कार्यालय समय भित्र | २०७८।०४।२० १२ बजे भित्र | २०७८।०४।२० २ बजे भित्र |
| ५ | ०६-०७८-७९ | सितापुरी जीवनचौक रतनचौन सडक स्थानीय पूर्वाधार | २७०००।- सताइस हजार | १,०००।- | २०७८।४।१९ कार्यालय समय भित्र | २०७८।०४।२० १२ बजे भित्र | २०७८।०४।२० २ बजे भित्र |
| ६ | ०८-०७८-७९ | केर्खा हाटवजार कर टहरा सहित | ३६००००।- तिन लाख साठी हजार | १,०००।- | २०७८।४।१९ कार्यालय समय भित्र | २०७८।०४।२० १२ बजे भित्र | २०७८।०४।२० २ बजे भित्र |
| ७ | ०९-०७८-७९ | क्याम्पा हाटवजार | १३५०००।- एक लाख पैंतिस हजार | १,०००।- | २०७८।४।१९ कार्यालय समय भित्र | २०७८।०४।२० १२ बजे भित्र | २०७८।०४।२० २ बजे भित्र |
| ८ | १०-०७८-७९ | सरडपाडा हाटवजार कर टहरा सहित | २२५००।- वाइस हजार पाँच सय | १,०००।- | २०७८।४।१९ कार्यालय समय भित्र | २०७८।०४।२० १२ बजे भित्र | २०७८।०४।२० २ बजे भित्र |
| ९ | ११-०७८-७९ | मंगलवारे हाटवजार कर | १८००००।- एक लाख असि हजार | १,०००।- | २०७८।४।१९ कार्यालय समय भित्र | २०७८।०४।२० १२ बजे भित्र | २०७८।०४।२० २ बजे भित्र |
| १० | १२-०७८-७९ | रगंपुर हाटवजार कर | २२५००।- वाइस हजार पाँच सय | १,०००।- | २०७८।४।१९ कार्यालय समय भित्र | २०७८।०४।२० १२ बजे भित्र | २०७८।०४।२० २ बजे भित्र |

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | १३-०७८-७९ | गेउरिया हाटवजार कर टहरा सहित | ४५०००।- पैतालिस हजार | १,०००।- | २०७८।४।१९ कार्यालय समय भित्र | २०७८।०४।२० १२ बजे भित्र | २०७८।०४।२० २ बजे भित्र |

**शर्तहरु**

१. शीलवन्दी दरभाउपत्र खरिद गर्न ईच्छुक खरिदकर्ता (फर्म वा संस्था) ले तल उल्लेख भए अनुसारको दरभाउपत्र दस्तुर यस कार्यालयमा बुझाई प्राप्त गर्न सकिनेछ।

२. खरिद भएका शीलवन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७(सात) दिनको १२ बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर, कामको विवरण, शीलवन्दी दरभाउपत्र खरिदकर्ताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई शीलवन्दी लाहा छाप गरी अलग अलग शीलवन्दी दरभाउपत्र पेश गर्न सकिनेछ। खरिदकर्ताले आफुले पेश गरेको शीलवन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न चाहेमा शीलवन्दी दरभाउपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा २४ (चौविस) घण्टा अगावै शीलवन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न पेश गर्न तोकिएको अन्तिम समयभित्र शीलवन्दी निवेदन पेश गर्नु पर्नेछ।

३. कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्दा नागरिकताको प्रमाण पत्र, VAT दर्ता प्रमाण पत्र, २०७७/७८ को कर चुक्ता प्रमाण पत्र र तोकिएको रकम नगदै (पछि फिर्ता नहुने गरी) वुझाई माथि उल्लेखित मितिभित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ।

४. माथि उल्लेखित न्यूनतम अंक भएको आन्तरिक आयको ठेक्का स्वीकृत भएपश्चात् सम्झौताका बखत सम्बन्धित ठेकेदारले नेपाल सरकारले तोकेअनुसार मूल्य अभिवृद्धि कर (VAT) आफुले कबोल गरेको अंकमा थप गरी हुन आउने रकम अग्रिम रुपमा एकमुष्ठ यसै कार्यालयमा बुझाउनु पर्नेछ। ठेक्काको स्वीकृत रकम एकमुष्ठ बुझाउदा स्वीकृत अंकमा बढीमा १०% छुट दिन सकिनेछ।

५. शीलवन्दी दरभाउपत्र फारामहरु माथि उल्लेखित समयभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। सो समय भित्र पर्न आएका शीलवन्दी दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम मितिमा दिनको २ बजेपछि शीलवन्दी दरभाउपत्र खरिदकर्ता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा शीलवन्दी दरभाउपत्र खरिदकर्ता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि शीलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. शीलवन्दी दरभाउपत्र फाराम जसको नाममा खरिद गरिएको हो ? सोही फर्मको नाममा मात्र दाखिला गर्नुपर्नेछ।

७. शीलवन्दी दरभाउपत्र फाराममा उल्लेखित कवोल अंकको ५% धरौटी रकम यस कार्यालयको एन.एम.बी वैंक, केर्खा स्थित धरौटी खाता नं. ०६४००५८१९६४०००८१ मा नगदै जम्मा गरेको सक्कलै वैंक भौचरको दोश्रो प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट जारी भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ। धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै रुपमा समावेश गर्नु पर्नेछ। धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शिर्षकको धरौटी हो ? स्पष्ट उल्लेख गर्नु पर्नेछ।

८. शीलवन्दी दरभाउपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। केरमेट भएको स्थानमा दस्तखत र छाप नभएमा मान्यता दिइने छैन्।

९. शीलवन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। मुनासिब कारण बाहेक सो अवधि भित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको शीलवन्दी भरभाउपत्र खरिदकर्तालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ।

१०. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनु पर्नेछ।

११. कर, दस्तुर र शुल्क उठाउन प्रयोग हुने रसिदहरु २ (दुई) प्रति भएको रसिद ठेकेदार आफैले छपाई सो मा कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई सो को अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क उठाउन प्रयोगमा ल्याउनु पर्नेछ।

१२. ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा गाउँपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ। अन्य विभिन्न विषयमा गाउँपालिकाले दिएको निर्देशन अनिवार्य रुपमा पालना गनुपर्नेछ।

१३. ठेक्का अवधि भुक्तान भईसकेपछि आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ताको पत्र पेश भएपछि मात्र धरौटी रकम वा बैंक ग्यारेन्टी फिर्ता गरिने छ। धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन। एकमुष्ठ रकम बुझाएपनि ठेक्का अवधिभर ७ (सात) प्रतिशत रकम धरौटी स्वरुप कार्यालयमा राखिनेछ। ठेक्का अवधिपश्चात् मात्र सो रकम फिर्ता गरिनेछ।

१४. गाउँपालिकालाई रकम वुझाउनु पर्ने बाँकी वक्यौता भएका फर्महरुले त्यस्तो बाँकी रकम नबुझाएसम्म निजको शीलवन्दी दरभाउपत्र स्वीकृत गरिने छैन।

१५. शीलवन्दी दरभाउपत्र खामको बाहिर आफुले लिन चाहेको ठेक्काको ठेक्का नं., खरिदकर्ताको नाम र ठेगाना स्पष्टसंग उल्लेख गर्नु पर्नेछ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत